नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(...................... शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः- २०७९।०८०
चलानी नं.:- २९८

मितिः २०७९/०९/२१ गते

## विषय : मान्यता तथा समकक्षतासम्बन्धी जरुरी सूचना।

विदेशी शैक्षिक संस्था वा बोर्डबाट उत्तीर्ण गरेका व्यक्तिले माध्यमिक तह (कक्षा १० वा १२) वा सो सरहको मान्यता प्राप्त गरी समकक्षताको पत्र (Letter of Equicalancy) लिन चाहने व्यक्तिले यस केन्द्रको website : www.moecdc.gov.np / Equivalance Tab वा loe.moecdc.gov.np बाट Online Application मार्फत् विवरण भरी आफूले प्राप्त गरेका सक्कल प्रमाणपत्रहरु Scan गरी समावेश (Upload) गर्नुपर्दछ। यस केन्द्रबाट मिति २०७९।०९।०१ गतेदेखि समकक्षताको पत्रलाई Online Application मार्फत् अंग्रेजी माध्यममा वितरण गर्न थालिएको छ। सोही मितिदेखि Online Application मा आवेदन गरी स्वीकृत नभएका व्यक्तिलाई जानकारी पत्र (Process Letter) वितरण गर्ने कार्यलाई बन्द गरिएको छ। साथै Online Application को फाराम भर्ने सम्बन्धमा website को दायाँ तर्फको Help मा राखिएको User manual र FAQ तथा मान्यता तथा समकक्षता निर्धारण निर्देशिका, (दोस्रो संशोधन) २०७९ समेत अध्ययन गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गर्दछौं।

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०७९।०४।१७ मा जारी भएको मान्यता तथा समकक्षता निर्धारण निर्देशिका, (दोस्रो संशोधन) २०७९ को दफा ३(३) अनुसार Online Application फाराममा संलग्न गर्नुपर्ने कागजातहरू निम्नानुसार छन् :

- क) लब्धाङ्क पत्र वा ग्रेडसिट वा मार्कसिट वा ट्रान्स्क्रिप्ट (Marksheet / Gradesheet / Transcript / Statement of the Result)
- ख) उत्तीर्ण प्रमाणपत्र वा प्रोभिजनल (५ वर्षका लागि मात्र) प्रमाणपत्र (Pass Certificate / Diploma Certificate / General Certificate of Education)
- ग) चारित्रिक प्रमाणपत्र वा चरित्र खुल्ने स्कूल तथा कलेज लिभिङ सर्टिफिकेट (Character Certificate / Transfer Certificate / School and College Leaving Certificate)
- घ) माइग्रेसन वा सम्बन्धित कक्षाभन्दा माथिल्लो तहको प्रमाणपत्र (Migration / Higher level Certificate)

**नोट :** सम्बन्धित व्यक्तिले भरेको Online Application फाराम भर्दा उल्लेखित कागजातहरू अनिवार्य रूपमा पेस गर्नुपर्नेछ। पेस भएका विवरण र प्रमाणपत्रहरू यस कार्यालयबाट हेरी रुजु हुने (Verify) वा अन्य कागजात थप गर्नुपर्ने (Re-submit) वा वेरूजु (Reject) हुन सक्नेछ। Online Application Verified भएको जानकारी समेत सम्बन्धित व्यक्तिलाई निजको मोबाइल फोन तथा इमेलमा पठाइनेछ। त्यसपछि मात्र Online मार्फत् E-payment गरेको भौचर Print गरी प्रमाणपत्रका फोटोकपिहरूमा स्वयमले **"सक्कल बमोजिम नक्कल ठीक छ"** भनी दस्तखत गरी पाठ्यक्रम विकास केन्द्र, मान्यता तथा समकक्षता शाखामा पेस गर्नुपर्दछ। साथै आफ्ना सक्कल कागजात (Original Certificate) हरू सम्बन्धित कर्मचारीलाई देखाई रुजु (Verify) गराउनुपर्दछ। अन्तमा समकक्षताको प्रमाणपत्र (Letter of Equivalancy) आँफैले भरपाई गरी लिनुपर्नेछ। विदेशी शैक्षिक संस्था वा बोर्डबाट प्रदान गरिएको शैक्षिक उपाधि वा प्रमाणपत्र उपर शंका उत्पन्न भएमा कुटनैतिक नियोगबाट Verify गराई पेस गर्नुपर्दछ।

शालिकराम भुसाल
निर्देशक